# पिपुल्स च्वाइस अवार्डको मनोनयन सार्वजनिक

**हिमालय टाइम्स**

**काठमाडौं, २२ फागुन**

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को आयोजनामा आगामी चैत ८ गते हुने प्रतिष्ठित पल्सर स्पोर्ट्स अवार्ड-२०७७ अन्तर्गतको पिपुल्स च्वाइस अवार्डको मनोनयन सार्वजनिक गरिएको छ । आयोजक मञ्चले पछिल्लो वर्षको प्रदर्शनका आधारमा मञ्चले पाँच खेलाडीको नाम सार्वजनिक गरेको हो ।

पिपुल्स च्वाइस अवार्डमा यो पटक मनोनयनमा पर्नेमा एथलेटिक्सकी सन्तोषी श्रेष्ठ, फुटबलकी एन्जिला तुम्वापो सुब्बा, टेबलटेनिसकी सुनिता महर्जन र क्रिकेटका कुशल भुर्तेल र ब्याडमिन्टनका युवास्टार प्रिन्स दाहाल हुनुहुन्छ । पिपुल्स च्वाइस विधाका विजेता भने खेल पत्रकार, राष्ट्रिय प्रशिक्षक र समर्थकको भोटिङबाट चुनिने खेलाडी छनोट समितिका संयोजक गोविन्द रेग्मीले जानकारी दिनुभयो ।




खेलाडीहरूलाई इसेवाबाट भोट गर्न सकिन्छ । इसेवाको ५० प्रतिशत मतभार, फेसबुकको २५, राष्ट्रिय प्रशिक्षकको १२ दशमलब ५ प्रतिशत र खेल पत्रकारको १२ दशमलब ५ प्रतिशत मत जोडिने मञ्चले जनाएको छ ।

यसरी छानिएका खेलाडीहरूले एकथान पल्सर मोटरसाइकलसहित विभिन्न गिफ्ट ह्याम्परहरू प्राप्त गर्नेछन् । अवार्डमा त्यस विधाबाहेक सर्वोत्कृष्ट दशक पुरुष खेलाडी, सर्वोत्कृष्ट दशक महिला खेलाडी, सर्वोत्कृष्ट दशक प्रशिक्षक, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड प्रदान गरिनेछ ।

# झापा गोल्डकप : संकटासँग पराजित हुँदै नेपाल पुलिस क्लब पहिलो चरणबाटै बाहिरियो

**पार्थ मण्डल/हिटा**

**झापा, २२ फागुन**

विभागीय टोली नेपाल पुलिस क्लब पाँचौं संस्करणको झापा गोल्डकपको पहिलो चरणबाटै बाहिरिएको छ । बिर्तामोड नगरपालिका-३ स्थित डोमालाल राजवंशी रंगशालामा आइतबार भएको दोस्रो दिनको खेलमा संकटा क्लबले १-० गोलअन्तरले जित निकालेसँगै पुलिस क्लब प्रतियोगिताबाट बाहिरिएको हो । यसअघि तेस्रो र चौथो संस्करणको झापा गोल्डकपमा नेपाल पुलिस क्लबले क्वाटरफाइनलसम्मको यात्रा तय गरेको थियो ।



संकटा क्लबका उत्तम राईले दोस्रो हाफको ६५औं मिनेटमा गोल गर्दै टिमलाई अग्रता दिलाउनुभयो । उहाँले विदेशी खेलाडी फोडे फोफोनाको क्रसलाई हेडमार्फत् गोलमा परिणत गर्नुभयो । खेलमा राईले गरेको गोल नै निर्णायक बन्यो । पहिलो हाफ गोलरहित बन्यो । संकटामाथि दबाब कायम राखेको पुलिसलाई संकटाका गोलरक्षक रोहित कार्कीले स्तब्ध बनाउनुभयो । गोल रक्षक कार्कीकै उत्कृष्ट बचाउका कारण पुलिसले गोल गर्ने अवसर गुमायो । खेलको २४औं मिनेटमा पुलिसका सन्तोष हेमरमको पासमा रवि पासवानको हेडर पोस्ट नजिकैबाट बाहिरियो ।

२६औं मिनेटमा सौजन राईको फ्रिकिक संकटाका गोलरक्षक कार्कीले विफल तुल्याउनुभयो । ५०औं मिनेटमा पुलिसका कप्तान जुमानु राईले 'वान भर्सेस वान' मा गोल गर्न नसक्दा अग्रता बनाउन सकेन । ५४औं मिनेटमा कप्तान राईले प्रहार गरेको बल आफ्नै खुट्टामा ठोक्किएर पोस्ट नजिकैबाट बाहिरियो । त्यस्तै, १६औं मिनेटमा संकटाका लक्ष्मण रुचालको फ्रिकिक पुलिसका गोलरक्षक सञ्जित श्रेष्ठले विफल बनाउनुभयो । २२ औं मिनेटमा संकटाका उत्तम राईले डिबक्स एरियाबाट गरेको प्रहार देब्रे बार नजिकैबाट बाहिरियो ।

अब संकटा क्लब क्वाटरफाइनलमा थ्रिस्टार क्लबसँग भिड्नेछ । खेलको म्यान अफ दी म्याच संकटाका फोडे फोफोना घोषित हुनुभयो । उहाँले नगद नौ हजार ९९९ रुपैयाँ पाउनुभयो । सोमबारको खेल सातदोबाटो युथ क्लब र एपिएफबीच हुनेछ ।

# मुख्यमन्त्री सुदूरपश्चिम खप्तड गोल्डकप : फ्रेन्ड्स सेमिफाइनलमा

**सीताराम ओझा/हिटा**

**धनगढी, २२ फागुन**

ए डिभिजन क्लब फ्रेन्ड्स पाँचौ मुख्यमन्त्री सुदूरपश्चिम खप्तड गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । धनगढी रंगशालामा आइतबार क्यामरुनको एभेनिर फुटबल क्लबलाई २-० गोल अन्तरले हराउँदै फ्रेन्ड्स अन्तिम चारमा पुगेको हो ।



फ्रेन्ड्सलाई जित दिलाउन जमोउल एन्थोनी फ्रान्कोईसले दुई गोल गर्नुभयो । खेलको ५३ औं मिनेटमा जमोउलले गोल गर्दै फ्रेन्ड्सलाई सुरुआती अग्रता दिलाउनुभयो । त्यसपछि खेलको ६२ औं मिनेटमा जमोउलले पेनाल्टीमा गोल गर्दै फ्रेन्ड्सलाई २-० को जित दिलाउनुभयो । एभेनिरका खेलाडीले लडाएपछि फेन्ड्सले पेनाल्टी पाएको थियो । खेलमा दुई गोल गर्नुभएका फ्रेन्ड्सका जमोउल एन्थोनी फ्रान्कोईस म्यान अफ द म्याच हुनुभयो । उहाँले नगद १० हजार पाउनुभयो । अब फ्रेन्ड्सले सेमिफाईनलमा मछिन्द्र र बागमती युथ क्लबबीचको विजेतासँग खेल्नेछ । सोमबारको खेल आयोजक सुदूरपश्चिम-११ स्पोर्टस क्लब र हिमालयन शेर्पा क्लबबीच हुनेछ ।

---

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
## Quality Research and Development Centre (QRDC)
**Chakupat, Lalitpur**

## Notice of Intention to Award the Contract

**Notice No: 21/2078/79**
**First date of Publication : March 7th, 2022**

This is to notify to all concerned bidders that pursuant to section 27, sub section 2 of the public Procurement Act, 2063; we intent to accept the bid for the following contract (Notice Published on 16-January-2022) for the execution of Maintenance and Development Works of QRDC Premises under Quality Research and Development Centre (QRDC). The Bidder's Bid Price as Corrected and Modified in accordance with the ITB is as follows:

| S.N. | Contract No. | Responsive Bidder | Bid Price (Excluding VAT and PS) |
|---|---|---|---|
| 1 | DOR_QRDC/NCB/LAB/ 33701015/078/79-25 | M/S Jwalamai/ Jayalaxmi JV , Budhanilkantha, Kathmandu. | 35,98,700.98 |

The notice of intention to award the contract for the above-mentioned contract is placed in our notice board and also published in DoR website **www.dor.gov.np**

**Director**

---

## Panchadewal Binayak Municipality
## Office Of Municipal Executive
Binayak, Achham
Sudurpaschim Province, Nepal

### Invitation for Quotation for the procurement of Steel Parts For Suspended Bridge

**Date of publication: 2078/11/23 (2022/03/07)**

1. Panchadewal Binayak Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Procurement of steel Parts of Ghodilas Suspended Bridge,Binayak, Achham under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Panchadewal Binayak Municipality Achham, Website : panchadwealbinayakmun.gov.np E-mail : panchadevalbinayak@gmail.com, Pone/Fax : 097-500003
2. Bidder may submit their bid electronically, should deposit the cost(as specified below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : machhapuchhre Bank Ltd.**
   **Name of Office : Panchadewal Binayak Municipality**
   **Office Code no . : 6936511**
   **Office Dharauti Account no . : 0730065293600061**
   **Rajaswa (revenue) Account no . : 8401524652936051**
3. Pre-bid meeting shall be held at Panchadewal Bianayak Municipality Achham on 2078/12/06 (20th March, 2022) 13:00 Hrs.
4. Electronic bids must be submitted to the office Of Panchadewal Binayak Municipality by through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hour on 2078/12/23 (06 th April, 2022). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 14:00 Hrs. of 2078/12/23 (06 th April, 2022) at Panchadewal Binayak Municipality Achham. Bids must be valid for a period of 30 days after bid opening and must be accompanied by a bid security amounting Prescribed in the following table which shall be valid for 15 days beyond the validity period of the bid .
6. All bids shall be accompanied by a Bid Security for the amount as specified in the table above in local currency. Bidders are required to submit a separate bid security for each contract for which they submit bids. The bid security guarantee shall confirm to the standard format as specified in the bid document. The bid security guarantee issued only by the commercial bank approved by Nepal Rashtra Bank shall be accepted by the Employer.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, the information not provided here will be as per PPA and PPR.

DETAILS OF WORK

| S. N. | Contract Id | Description of works | Estimated Cost in NRS. (Without VAT) | Bid Security Amount in NRs | Bid Document Cost (NRs.) (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1. | PBM/NCB/ 2078-079/P/03 | Procurement of Steel Parts for Ghodilas Suspended Bridge | 11,46,083.45 | Rs. 32,000 | 1000.00 |

**Chief Administrative Officer**

---

## Cancellation and Re-Invitation for Electronic Sealed Bids

**Budhanilkantha Municipality Office**

Date of publication: 2078/11/23

1. ***Budhanilkantha Municipality Office*** invites electronic sealed bids from Nepalese eligible bidders for the ***goods mentioned below*** under National Competitive Bidding procedures.

| S.N. | Contract Number | Description of Work | Deadline date of bid submission and opening date | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1 | NCB/BNP/ GW/078_ 079/03 | *Procurement of tablet set with all the required accessories for Budhanilkantha Municipality Office* | 2078/12/08 @ 12 :00 hrs 2078/12/08 @ 13:00 hrs | 32,000.00 |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

---

**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा**
**१ नं प्रदेश, नेपाल**

## भूमी हिमालयन जे. भी. मोरङ र हिमालयन इन्फ्राइस्ट्रक्चर एण्ड कन्स्ट्रक्सन प्रा. लि. मोरङ लाई निर्माण कार्य सूचारु गर्ने सम्बन्धी सूचना !!!

**प्रकाशित मिति २०७८।११।२३**

बिर्तामोड नगरपालिका र तपाईहरु बिच विभिन्न मितिमा भएको सम्झौता अनुसार देहाय बमोजिमको सडक निर्माण सम्बन्धी कार्य हालसम्म शुरु नगरेको हुदा यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशन भएको मितिले ३ दिन भित्र (बाटोको म्याद बाहेक) यस कार्यालयमा सम्पर्क गरी निर्माण कार्य प्रारम्भ गर्नु हुन जानकारी गराइन्छ । अन्यथा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम खरिद सम्झौताको अन्त्य र सोको उपचार सम्बन्धी व्यवस्था अनुसार कानूनी कार्वाही अगाडी बढाउने ब्यहोरा समेत सूचित गरिन्छ ।

| सि. न. | फर्मको नाम | कार्य र ठेक्का नं. | सम्झौता मिति | कार्य सुरु गर्नुपर्ने मिति |
|---|---|---|---|---|
| १ | भुमि– हिमालयन जे. भी. मोरङ | पन्चमबाडी– गोकुल जोशी मार्ग– पुजा प्लाइ– सुन्दरचोक सडक (BTMMUN/ROADS/NCB-02/2078-79) | २०७८/०९/१८ | २०७८/०९/१८ |
| २. | भुमि– हिमालयन जे. भी. मोरङ | तारानाथ चोकबाट पत्थर भिट्टा जोडने सडक (BTMMUN/ROADS/NCB-03/2078-79) | २०७८/०९/१८ | २०७८/०९/१८ |
| ३. | हिमालयन इन्फ्रास्ट्रक्चर एण्ड कन्स्ट्रक्सन प्रा. लि. मोरङ | सुर्यनगर– गोकुल जोशी सडक (BTMMUN/ROADS/NCB-04/2078-79) | २०७८/०८/२७ | २०७८/०८/२७ |

**प्रमुख प्रशासकीय अधिकृत**